# संघीय संसद
# प्रतिनिधि सभा, २०७९

दोस्रो अधिवेशन

सम्भावित कार्यतालिका (Calendar)

## आ.व. ०८०/८१ को राजश्व र व्ययको अनुमान (बजेट) र विनियोजन विधेयक सम्बन्धी

| २०८० साल | प्रस्तावित कार्यक्रम |
|---|---|
| जेठ १५ गते सोमबार | **(दुवै सदनको संयुक्त बैठक)**<br>➢ मा० अर्थमन्त्रीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान पेश गर्नुहुने । **(बैठक प्रारम्भ दिनको ४:०० बजे)**<br>➢ (यसरी वार्षिक अनुमान पेश गर्दा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष्य हासिल भयो भएन, त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने)<br>**(प्रतिनिधि सभा बैठक)**<br>➢ मा० अर्थमन्त्रीले आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानको प्रति टेबुल गर्नुहुने ।<br>➢ मा० अर्थमन्त्रीले आर्थिक विधेयक, २०८० पेश गर्नुहुने ।<br>➢ राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफलको लागि दिन र समय तोकिने । |
| जेठ १६, १७, १८, १९ र २० गते<br>**(बैठक नबस्ने)** | दलीय पदाधिकारी (प्रमुख सचेतक)हरुले राजस्व र व्ययको वार्षिक अनुमानमाथि बोल्नुहुने वक्ता मा० सदस्यहरुको नाम उपलब्ध गराउने र अध्ययनको लागि समय दिइने । |
| जेठ २१, २२, २३ र २४ गते | ➢ राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल प्रारम्भ गरियोस् भनी मा० अर्थमन्त्रीबाट प्रस्ताव प्रस्तुत र त्यसपछि लगत्तै छलफल गरिने ।<br>➢ राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल जारी रहने ।<br>**(बिहान ११:०० बजेदेखि बेलुका ५:०० बजेसम्म)** |
| जेठ २५ गते बिहीबार<br>**(राजश्व र व्ययको वार्षिक अनुमानको छलफलको जवाफ)** | ➢ मा० अर्थमन्त्रीले राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा उठेका प्रश्नहरुको उत्तर दिनुहुने । साथै मा० सदस्यहरुबाट सोधिएको स्पष्टिकरणको मा० अर्थमन्त्रीबाट स्पष्ट गर्नुहुने ।<br>➢ मा० अर्थमन्त्रीले विनियोजन विधेयक, २०८०, राष्ट्र ऋण उठाउने विधेयक, २०८० र ऋण तथा जमानत (छब्बिसौं संशोधन) विधेयक, २०८० प्रस्तुत गर्नुहुने । |

| २०८० साल | प्रस्तावित कार्यक्रम |
|---|---|
| | **(दोस्रो बैठक)**<br>➢ मा० अर्थमन्त्रीले "विनियोजन विधेयक, २०८० माथि विचार गरियोस्" भनी प्रस्ताव पेश गर्नुहुने ।<br>➢ विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरुमाथि छलफलका लागि दिन तथा समयावधि तोकिने । |
| जेठ २८, २९, ३०, ३१, ३२, असार १, ३ र ४ गतेसम्म विभिन्न मन्त्रालयका विनियोजन शीर्षकहरुमाथि छलफल गरिने । | ➢ विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरुमाथि छलफल प्रारम्भ गरी सम्पन्न गरिने ।<br>➢ मन्त्रालयगत खर्च कटौतीका प्रस्तावहरु मन्त्रालयगत छलफल हुनु अघि प्रस्तुत गरीने । |
| असार ५, ६ र ७ गते सम्बन्धित मन्त्रीद्वारा उत्तर दिइने ।<br>**(विनियोजन विधेयकका विभिन्न मन्त्रालयगत छलफलको जवाफ)** | ➢ विनियोजन विधेयक, २०८० अर्न्तगतको छलफलमा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले उत्तर दिनुहुने । साथै मा० सदस्यहरुबाट सोधिएको स्पष्टिकरणको सम्बन्धित मन्त्रीबाट स्पष्ट गरिने ।<br>➢ मन्त्रालयगत जवाफ दिने कार्य समाप्तिपछि प्राप्त खर्च कटौतीका प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्दै जाने ।<br>➢ विनियोजन विधेयक, २०८० पारित गरिने र सो सम्बन्धी सन्देश राष्ट्रिय सभामा पठाइने ।<br>➢ मा० अर्थमन्त्रीले आर्थिक विधेयक, २०८०, राष्ट्र ऋण उठाउने विधेयक, २०८० र ऋण तथा जमानत (छब्बिसौं संशोधन) विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने । आर्थिक विधेयक माथि छलफल गरिने दिन तोकिने । |
| असार ११ गते सोमबार<br>**(अन्य अर्थ विधेयकहरु पारित)** | ➢ मा० अर्थमन्त्रीले आर्थिक विधेयक, २०८०, राष्ट्र ऋण उठाउने विधेयक, २०८० र ऋण तथा जमानत (छब्बिसौं संशोधन) विधेयक, २०८० माथि दफावार छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।<br>➢ उक्त तीनवटै विधेयकहरु पारित गरिने र सो सम्बन्धी सन्देश राष्ट्रिय सभामा पठाइने । |